मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :- ०८१।०८२
चलानी नं. :- २६९०

मिति : २०८१।१२।१३

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित**

**श्री जो जससँग सम्बन्धित छ ।**

**रामेछाप** जिल्ला **मन्थली** नगरपालिका अन्तर्गत श्री **शारदा माध्यमिक विद्यालय** मन्थली – ११ मा रिक्त रहेको **निम्न माध्यमिक तृतीय श्रेणी गणित विज्ञान** विषयका शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. १०० को मिति २०८१।१२।१२ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्च

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना sssgelu@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन ।

**बोधार्थ**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, रामेछाप
श्री शारदा माध्यमिक विद्यालय, मन्थली – ११ रामेछाप

२०८१।१२।१३
बिष्णु बहादुर अधिकारी
विद्यालय निरीक्षक

बिष्णु बहादुर अधिकारी
विद्यालय निरीक्षक